## मुख्य न्यायाधिवक्ताको

# वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०८२/०८३



## मुख्य न्यायाधिवक्ताको कार्यालय

कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत




प्रदेश प्रमुख मा. यज्ञराज जोशी समक्ष आ.व. २०८१/०८२ को
वार्षिक प्रतिवेदन पेश गर्दै मा. मुख्य न्यायाधिवक्ता




कार्यालयको आठौं स्थापना दिवसको अवसरमा कार्यालय परिवार

मानननीय प्रदेश प्रमुख श्री यज्ञराज जोशीज्यू

समक्ष

मुख्य न्यायाधिवक्ता

श्री कृष्णबहादुर हमालले

पेश गरेको

आर्थिक वर्ष २०८२/०८३ को

# वार्षिक प्रतिवेदन

## मुख्य न्यायाधिवक्ताको कार्यालय

कर्णाली प्रदेश

वीरेन्द्रनगर, सुर्खेत

# मुख्य न्यायाधिवक्ताको वार्षिक प्रतिवेदन

**आर्थिक वर्ष २०८२/०८३**

---

प्रकाशक : मुख्य न्यायाधिवक्ताको कार्यालय
कर्णाली प्रदेश, सुर्खेत

सम्पादन मण्डल : उपन्यायाधिवक्ता (उप–सचिव) श्री डम्बरप्रसाद काफ्ले
सहायक न्यायाधिवक्ता (शाखा अधिकृत) श्री सिर्जना ढकाल
सहायक न्यायाधिवक्ता (शाखा अधिकृत) श्री कृष्ण कुमारी भण्डारी
सहायक न्यायाधिवक्ता (शाखा अधिकृत) श्री सृजना आचार्य
प्रशासकीय अधिकृत श्री पीताकुमारी हमाल
लेखा अधिकृत श्री विकेन्द्र ढकाल
वरिष्ठ प्रशासन सहायक श्री सन्ध्या अधिकारी

कम्प्युटर टाइप : कम्प्युटर अपरेटर श्री दिपेन्द्र वि.क.

सर्वाधिकार : मुख्य न्यायाधिवक्ताको कार्यालय, कर्णाली प्रदेश, सुर्खेत।

प्रकाशित मिति : २०८३ साउन

कार्यालयको :
फोन नं. : ०८३–५२४१९१, ०८३–५२४३०४
वेभसाइट : chiefattorney.karnali.gov.np
इमेल : ochiefattorney@gmail.com

मुद्रण : नवदुर्गा प्रिन्टिङ्ग प्रेस प्रा.लि.
वीरेन्द्रनगर, सुर्खेत



मा. यज्ञराज जोशी

**प्रदेश प्रमुख**



मा. यामलाल कडेल

**मुख्यमन्त्री**



मा. कृष्ण बहादुर हमाल

**मुख्य न्यायाधिवक्ता**

# मुख्य न्यायाधिवक्ताको कार्यालय

वीरेन्द्रनगर, सुर्खेत

०८३-५२४१९१
०८३-५२४३०४


**श्री माननीय प्रदेश प्रमुख ज्यू,**
**प्रदेश प्रमुखको कार्यालय,**
**कर्णाली प्रदेश, सुर्खेत।**

**विषयः आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रतिवेदन पेश गरिएको सम्बन्धमा।**

नेपालको संविधानको धारा १६०(१) मा महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहने र मुख्य न्यायाधिवक्ताको नियुक्ति सम्बन्धित मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखबाट हुने व्यवस्था छ। मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकार हुने र संवैधानिक एवं कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएका अन्य अधिकारीलाई राय सल्लाह दिनु मूल कर्तव्य हुने संवैधानिक व्यवस्था गरिएको छ। त्यस्तै मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त सम्बन्धी व्यवस्था प्रदेश कानून बमोजिम हुने भन्ने संवैधानिक प्रावधान अनुसार कर्णाली प्रदेश सरकारले मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ बनाई सो ऐनको दफा ४ मा मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकारको व्यवस्था गरेको छ। सो कानूनी व्यवस्था अनुसार मुख्य न्यायाधिवक्ताको कार्यालयले प्रदेश सरकारका तर्फबाट मुद्दा मामिलामा प्रतिरक्षा गर्ने, प्रदेश सरकार र प्रदेश सरकारका निकायहरूलाई कानूनी राय प्रदान गर्ने, फैसला कार्यान्वयन गराउने, कानून निर्माण, संशोधन र खारेज सम्बन्धमा प्रदेश सरकारलाई सल्लाह दिने, प्रदेशभित्रका हिरासत कक्ष र कारागारको अनुगमन गर्ने गरेको छ। वार्षिक कार्यक्रम अन्तर्गत जिल्ला स्थित सबै कार्यालय प्रमुखहरूसँग लिखित जवाफ र कानूनी राय सम्बन्धी र स्थानीय तहका जनप्रतिनिधिहरूसँग कानून निर्माण र योजना छनौट प्रक्रिया सम्बन्धी कार्यक्रम गर्दै आएको छ।

अतः प्रत्येक आर्थिक वर्ष समाप्त भएको तिन महिनाभित्र मुख्य न्यायाधिवक्ताले सम्पादन गरेको कार्यक्रमहरूको प्रतिवेदन प्रदेश प्रमुख र महान्यायाधिवक्ता समक्ष पेश गर्नुपर्ने कानूनी व्यवस्था मुताविक यस आ.व. मा कार्यसम्पादनका क्रममा आएका चुनौतीका साथै सुधारका लागि सुझावहरू उल्लेख गरेको छ। मुख्य न्यायाधिवक्ताको कार्यालयको भूमिकालाई उचित महत्व दिने र प्रतिवेदनमा औंल्याइएका समस्याको सम्बोधन भएमा संविधान र कानूनले सुम्पेको जिम्मेवारी सफलतापूर्वक सम्पादन गर्न सहयोग मिल्ने आशा गर्दै कानूनी शासन र मानव अधिकारको संरक्षण र संवर्द्धन गर्न यस कार्यालयका काम कारवाहीलाई अझ बढी प्रभावकारी र नतिजामुखी बनाउनका लागि सदैव क्रियाशील रहने प्रतिबद्धता व्यक्त गर्दै मुख्य न्यायाधिवक्ताको कार्यालय कर्णाली प्रदेशले आ.व. २०८२/०८३ मा सम्पादन गरेका कामकारवाहीको सम्पूर्ण विवरण सहित प्रस्तुत प्रतिवेदन पेश गरेको छ।

*साउन, २०८३*

...................................

**कृष्ण बहादुर हमाल**
**मुख्य न्यायाधिवक्ता**

# विषय सूची


**परिच्छेद-एक : सामान्य परिचय** १-८

१. परिचय १

१.१ ऐतिहासिक पृष्ठभूमि १

१.२ मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार २

१.३ वार्षिक प्रतिवेदन पेश गर्ने सम्बन्धी कानूनी व्यवस्था ४

१.४ संगठनात्मक स्वरूप ५

१.५ हालको जनशक्ति व्यवस्थापन तालिका ६

१.६ स्वीकृत संगठन संरचना ६

१.७ कार्यालयमा रहेको कर्मचारीहरूको दरवन्दी र पदपूर्तिको अवस्था ७

१.८ यस कार्यालयका शाखा र जिम्मेवारी ७

**परिच्छेद-दुई : कार्यालयबाट सम्पादित कार्यको विवरण** ९-१०

२.१ रिट निवेदन/मुद्दाको प्रतिरक्षा सम्बन्धी विवरण ९

२.२ आर्थिक वर्ष २०८२/८३ मा बहस पैरवी तथा प्रतिरक्षा भएका मुद्दाहरूको संक्षिप्त विवरण ९

२.३ आर्थिक बर्ष २०८२/८३ मा फछ्र्यौट भएका मुद्दाहरूको संक्षिप्त विवरण १०

२.४ आ.व.२०८३/०८४ मा जिम्मेवारी सरेका मुद्दाहरूको संक्षिप्त विवरण १०

**परिच्छेद-तीन : बजेट, खर्च र भौतिक अवस्था सम्बन्धी** ११-१५

३.१ आ.व. २०८२/०८३ को विनियोजित बजेट र खर्च ११

३.२ खर्च भएर नजाने सम्पत्तिको विवरण १२

**परिच्छेद-चार** १६-२८

४.१ सलबसाली रूपमा सम्पादित कार्यहरू संक्षिप्त रूपमा १६

४.२ हिरासत निरीक्षण/अनुगमनको विवरण १९

४.३ कारागार निरीक्षण/अनुगमनको विवरण २३

४.४ कार्यालय प्रमुखहरूसँगको समन्वयात्मक बैठक २५

४.५ हालसम्म प्रदान गरिएको कानूनी रायको विवरण २५

४.६ आ.व. अनुसार प्रतिरक्षा गरिएका रिट/मुद्दाहरूको विवरण २८

४.७ आर्थिक वर्षका आधारमा मुद्दाहरूको लगत २८

**परिच्छेद-पाँच : समस्या, सुझाव र निष्कर्ष** **२९-३२**

५.१ समस्या २९

५.२ सुझाव ३०

५.३ निष्कर्ष ३२

अनुसूची-१ आ.व. २०८२/०८३ मा फैसला भएका मुद्दाहरूको विवरण ३३

अनुसूची-२ चालु आ.व. २०८३/०८४ मा जिम्मेवारी सर्ने मुद्दाहरूको विवरण ४४

आ.व. २०८२/०८३ मा भएका कार्यक्रमहरूको झलक ५३-७०

पूर्व मुख्य न्यायाधिवक्ताहरू ७१

मुख्य न्यायाधिवक्ता ७१

मुख्य न्यायाधिवक्ताको कार्यालयमा हाल कार्यरत कर्मचारी विवरण ७१

परिच्छेद-एक

# सामान्य परिचय

## १. परिचय

नेपालको संविधानले स्वतन्त्र र निष्पक्ष न्यायपालिका, कानूनी शासनप्रति प्रतिवद्धता र कानूनी शासनको स्थापनाको लागि स्वतन्त्र, निष्पक्ष र प्रभावकारी न्याय प्रशासनको आवश्यकता महसुस गरी संविधान प्रदत्त नागरिकका मौलिक अधिकारको रक्षा गर्न महत्वपूर्ण निकायको रूपमा संघमा महान्यायाधिवक्ता र प्रत्येक प्रदेशमा मुख्य न्यायाधिवक्ताको व्यवस्था गरेको छ।

मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकार हुने, संवैधानिक एवं कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय प्रदान गर्नु मुख्य न्यायाधिवक्ताको कर्तव्य हुने संवैधानिक ब्यबस्था छ। मुख्य न्यायाधिवक्ताको नियुक्ति मुख्य मन्त्रीको सिफारिसमा प्रदेश प्रमुखबाट हुने संवैधानिक ब्यबस्था बमोजिम कर्णाली प्रदेशमा मिति २०७४।१२।२८ गते मुख्य न्यायाधिवक्ताको कार्यालय स्थापना भै संचालन हुँदै आएको र मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन जारी भै कार्यान्वयनमा आईसकेको छ र सोही बमोजिम मुख्य न्यायाधिवक्ताले तोकिए बमोजिमको कार्य सम्पादन गर्दै आइरहेको बेहोरा विदितै छ।

### १.१ ऐतिहासिक पृष्ठभूमि

नेपाल सरकार वैधानिक कानून, २००४ को धारा १२ को खण्ड "क" मा कानूनको विषयमा सरकारलाई आवश्यक परेको राय सल्लाह पेश गर्न कानूनी सल्लाहकार श्री ३ बाट नियुक्ति हुने भन्ने व्यवस्था गरिएको भए पनि उक्त कानून कार्यान्वयनमा आउन सकेन। नेपाल अन्तरिम शासन विधान, २००७ मा महान्यायाधिवक्ता सम्बन्धी कुनै व्यवस्था नगरिएको भएता पनि सरकारको कानूनी सल्लाहकारको आवश्यकता महशुस गरी कार्यकारिणी आदेशबाटै वि.सं. २००८ साल पौष ८ गते पहिलो पटक नेपालमा महान्यायाधिवक्ता नियुक्त गरिएको थियो। ततपश्चात् विभिन्न संविधानले महान्यायाधिवक्ताको व्यवस्था गर्दै आएको विदितै छ।

विगतको एकात्मक राज्य प्रणाली विघटन गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह समेतको राज्य पुनः संरचना गरी नेपालमा ७ प्रदेशको स्थापना भएको छ। संविधानको धारा १६० मा महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहने, मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकार हुने र संवैधानिक एवं कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिने जिम्मेवारी मुख्य न्यायाधिवक्तालाई तोकिएको छ। त्यसैगरी यस कर्णाली प्रदेश सरकारले पनि मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्तसम्बन्धी ऐन, २०७५ जारी गरी ऐनको दफा ४ मा नेपालको संविधान को धारा १६० मा उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त अन्य काम, कर्तव्य र अधिकारहरूको व्यवस्था गरेको छ। कर्णाली प्रदेशमा मिति २०७४।१२।२८ मा मुख्य न्यायाधिवक्ता माननीय विद्याभुषण मानन्धर, दोस्रो मुख्य न्यायाधिवक्ताको रूपमा मिति २०७७।१२।०६ मा माननीय मातृकाप्रसाद खनाल र तेस्रो मुख्य न्यायाधिवक्ताका रूपमा माननीय ध्रुवकुमार श्रेष्ठ मिति २०७८।०७।२८ मा, चौथो मुख्य न्यायाधिवक्ताको रूपमा माननीय नरबहादुर खडकाको मिति २०७९।१०।२० मा र मिति २०८१।०१।२४ गते पाँचौ मुख्य न्यायाधिवक्ताको रूपमा माननीय श्री कृष्ण बहादुर हमालको नियुक्ति भई सोही बमोजिम मुख्य न्यायाधिवक्ताको कार्यालयबाट तोकिएको कार्य सम्पादन हुँदै आइरहेको छ।

## १.२ मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार

नेपालको संविधानको धारा १६० तथा मुख्य न्यायाधिवक्ताको काम, कर्तब्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन सहित) मा तोकिए बमोजिमका मुख्य न्यायाधिवक्ताको काम कर्तव्य अधिकार र जिम्मेवारीहरू यसप्रकार रहेका छन्।

- प्रदेश सरकार वादी वा प्रतिवादी भएको वा प्रदेश सरकारको हक, हित वा सरोकार रहेको, संविधान वा कानूनको ब्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको

विचाराधिन मुद्दामा प्रदेश सरकार वा प्रदेश सरकारको तर्फबाट उपस्थित भै बहस पैरवी गर्ने गराउने।

- प्रदेश सरकार, प्रदेश सरकारको कार्यालय वा प्रदेश सरकारले तोकिदिएको अधिकारीले कुनै संवैधानिक वा कानूनी प्रश्नमा राय माग गरेमा कानूनी राय दिने।
- प्रदेश सरकार र मातहतका निकायका नाममा अदालतबाट भएका आदेश वा फैसलाको प्रभावकारी कार्यान्वयन गर्न गराउन प्रदेशस्थित मन्त्रालय सचिवालय वा कार्यालयलाई पत्राचार गरी कार्यान्वयनको अनुगमन गर्ने गराउने।
- प्रचालित प्रदेशका कानूनको कार्यान्वयनको क्रममा कुनै कठिनाई आइपरेमा वा प्रदेशको कार्यक्षेत्रको कुनै विषयमा तत्काल कानून बनाउनुपर्ने वा भैरहेको कानून संसोधन गर्न वा बनिरहेको कानून लागु गर्नुपर्ने देखिएमा कारण खुलाई प्रदेश सरकार समक्ष सिफारिस गर्ने।
- प्रदेश सरकारका मन्त्रालय सचिवालय विभाग वा अन्य प्रदेश सरकारका कार्यालयबाट अदालतमा प्रस्तुत हुने लिखित जवाफ लगायतका कानूनी मस्यौदामा स्तर कायम गर्न त्यस्ता कार्यालयबीच आवश्यक समन्वय गर्ने र त्यस्ता कार्यालयलाई आवश्यक निर्देशन दिने।
- प्रदेश स्थित हिरासत तथा थुनुवा कक्षमा रहेका थुनुवालाई आफन्तसंग वा कानून ब्यवसायी मार्फत भेटघाट गर्न नदिएको वा मानवोचित ब्यबहार नभएको उजुरी परेमा वा जानकारी हुन आएमा महान्यायाधिवक्ताको कार्यालयसंग समन्वय गरी सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने।
- प्रदेश सरकारलाई सरोकार पर्ने कुनै मुद्दामा बहस पैरवी वा प्रतिरक्षाका लागि सम्बन्धित अधिकारीले मुख्य न्यायाधिवक्तालाई अनुरोध गरी पठाएमा मुख्य न्यायाधिवक्ता आफैले प्रतिनिधित्व गर्न वा अन्तर्गतका अधिकृत कर्मचारीलाई खटाउन सक्नेछ।
- कुनै न्यायिक वा अर्धन्यायिक निकायबाट भएको निर्णय वा आदेशबाट प्रदेश सरकारको हकहित वा सार्वजनिक हितमा असर पर्ने रहेछ र त्यस्तो निर्णय वा आदेश विरुद्द मुद्दा दायर गर्न पुनरावेदन वा पुनरावलोकनका लागि निवेदन दिन वा अन्य कुनै कानूनी उपचार प्राप्त गर्न कानून बमोजिम कुनै अधिकारी तोकिएको रहेनछ भने मुख्य न्यायाधिवक्ता वा निजले तोकेको अधिकृत

कर्मचारीले त्यस्तो निर्णय विरुद्ध वा आदेश विरुद्ध कानून बमोजिम सम्बन्धित निकायमा मुद्दा दायर गर्न पुनरावेदन गर्न वा पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ।

- प्रदेश कानून बमोजिम स्थापित संस्था वा निकायले गरेको कुनै निर्णय वा काम कारवाहीबाट प्रदेश सरकारको हकहित प्रतिकुल भएको वा संविधान वा प्रचलित कानूनको उलंघन वा सार्वजिनक हित विपरित भएको छ भन्ने मुख्य न्यायाधिवक्तालाई लागेमा र त्यस्तो निर्णय वा काम कारबाही विरुद्ध उजुर गर्न कानूनले कुनै अधिकारी तोकेको रहेनछ भने मुख्य न्यायाधिवक्ता आफैले वा निजले तोकेको अधिकृत कर्मचारीले त्यस्तो निर्णय वा कामकारवाही विरुद्ध कानूनी उपचार प्राप्त गर्न सक्नेछ।
- मुख्य न्यायाधिवक्तालाई सम्बन्धित प्रदेश सरकारको हकहित र सरोकार रहेको विषयमा नेपालको जुनसुकै अदालत, न्यायिक निकाय, कार्यालय र पदाधिकारी समक्ष उपस्थित हुने अधिकार हुनेछ।
- मुख्य न्यायाधिवक्ताले प्रदेश सभा वा त्यसको कुनै समितिले गरेको आमन्त्रण बमोजिम त्यस्तो बैठकमा उपस्थित भै कानूनी प्रश्नको सम्बन्धमा राय ब्यक्त गर्न सक्नेछ।
- मुख्य न्यायाधिवक्ताले आफूलाई प्राप्त अधिकार मातहतका अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

## १.३ वार्षिक प्रतिवेदन पेश गर्ने सम्बन्धी कानूनी व्यवस्था

मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ को दफा १३ मा मुख्य न्यायाधिवक्ताले वार्षिक रूपमा सम्पादन गरेका काम कारवाहीको वार्षिक प्रतिवेदन तयार गरी आर्थिक बर्ष समाप्त भएका ३ महिना भित्र तोकिएको ढाँचामा प्रदेश प्रमुख समक्ष पेश गर्नुपर्ने र प्रदेश प्रमुखले मुख्यमन्त्री मार्फत उक्त प्रतिवेदन प्रदेश सभामा पेश गर्ने भन्ने कानूनी व्यवस्था रहेको छ। सो व्यवस्था अनुसार प्रतिवेदनमा मुख्य न्यायाधिवक्ताले वर्ष भरिमा आफू तथा आफ्नो कार्यालयबाट भए गरेका कामको विवरण र प्रदेश सरकार तथा प्रदेश सरकार अन्तर्गतका निकाय मन्त्रालय र कार्यालयलाई संवैधानिक एवं कानूनी विषयमा दिएको राय सल्लाहको संक्षिप्त विवरण, प्रदेश सरकार पक्ष वा विपक्षी भई दायर

भएका मुद्दामा वहस, पैरवी र प्रतिरक्षा गरेको विवरणका अतिरिक्त कार्यालयको भौतिक स्थिति, कार्यबोझ र काम कारवाहीको वास्तविक स्थिति चित्रण गरी मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकारका विषयमा आवश्यक सिफारिस र सुझाव समेत उल्लेख गरेको हुनुपर्छ भन्ने कानूनी प्रावधान रहेको छ।

## १.४ संगठनात्मक स्वरूप

नेपालको संविधानको धारा १६० को उपधारा (१)मा महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहने, मुख्य न्यायाधिवक्ताको नियुक्ति सम्बन्धित प्रदेशका मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखबाट हुने, प्रदेश सरकारलाई कानूनी राय दिने, प्रदेश सरकारको तर्फबाट बहस, पैरवी एवं प्रतिरक्षा गर्ने, अदालतबाट भएका फैसला कार्यान्वयन गराउने, प्रदेश अन्तर्गतका हिरासत र कारागार अनुगमन गर्ने लगायतका काम, कर्तव्य र अधिकार मुख्य न्यायाधिवक्तामा निहित छन्।

मुख्य न्यायाधिवक्तामा निहित अधिकारहरू मुख्य न्यायाधिवक्ताको निर्देशनमा मातहतका उप-न्यायाधिवक्ता र सहायक न्यायाधिवक्ता समेतबाट प्रयोग गर्ने गरी जिम्मेवारीको व्यवस्था गरिएको छ। संविधानको धारा १६०(६) मा मुख्य न्यायाधिवक्ताको कार्यालयका लागि स्वीकृत दरवन्दी बमोजिमका कर्मचारीहरूको व्यवस्थापन महान्यायाधिवक्ताको कार्यालयले गर्ने व्यवस्था रहेकोमा सरकारी वकीलहरूको व्यवस्थापन महान्यायाधिवक्ताको कार्यालयबाट भई आएतापनि अन्य कर्मचारीहरूको व्यवस्थापन भने प्रदेश सरकारबाट भएको छ। यसरी संघ र प्रदेशबाट संगठनको पदपूर्ति भई मुख्य न्यायाधिवक्ताको कार्यालयको संगठनात्मक स्वरूप खडा भएको अवस्था छ।

## १.५ हालको जनशक्ति व्यवस्थापन तालिका




## १.६ स्वीकृत संगठन संरचना



## १.७ कार्यालयमा रहेको कर्मचारीहरूको दरवन्दी र पदपूर्तिको अवस्था

| क्र.सं. | पद | श्रेणी/तह | सेवा/समूह/उपसमूह | दरवन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | उपन्यायाधिवक्ता | रा.प. द्वितीय | न्याय/सरकारी वकील | १ | १ | - | |
| २. | सहायक न्यायाधिवक्ता | रा.प. तृतीय | न्याय/सरकारी वकील | ३ | ३ | - | |
| ३. | प्रशासकीय अधिकृत | अधिकृत छैटौं | प्रशासन/सा.प्र. | १ | १ | - | |
| ४. | लेखा अधिकृत/सहायक | ५/६ | प्रशासन/लेखा | १ | १ | - | |
| ५. | सहायक | पाँचौ | प्रशासन/सा.प्र. | १ | १ | - | |
| ६. | कम्प्युटर सहायक | ४/५ | विविध | १ | १ | - | संघबाट कामकाज |
| ७. | हलुका सवारी चालक | श्रेणी विहिन | - | १ | १ | - | करार |
| ८. | कार्यालय सहयोगी | श्रेणी विहिन | - | २ | २ | - | करार |

## १.८ यस कार्यालयका शाखा र जिम्मेवारी

| शाखा | जिम्मेवारी |
|---|---|
| कानूनी राय तथा प्रतिरक्षा शाखा | यस शाखाले संवैधानिक एवं कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अधिकारीलाई राय सल्लाह प्रदान गर्ने प्रदेश सरकार अन्तर्गतका कार्यालयलाई विपक्षी बनाएका रिट निवेदन एवं मुद्दाहरूका सम्बन्धमा प्राप्त लिखित जवाफको ढांचा मिले नमिलेको रुजु गरी सम्बन्धित |

| शाखा | जिम्मेवारी |
|---|---|
| | अदालतमा पठाउने, त्यस्ता रिट निवेदनमा प्रदेश सरकारका तर्फबाट बहस पैरवी र प्रतिरक्षा गर्ने एवं मुद्दा ब्यवस्थापन सम्बन्धी कार्य गर्दछ। |
| प्रशासन/जिन्सी शाखा | कार्यालयको आन्तरिक प्रशासन, दर्ता, चलानी, जिन्सी र पुस्तकालय ब्यवस्थापन सम्बन्धी कार्य गर्ने जिम्मेवारी प्रशासन/जिन्सी शाखालाई तोकिएको छ। यसका अतिरिक्त कार्यालयको जनशक्ति ब्यबस्थापन गर्ने र मौजुदा जनशक्तिलाई तालिम तथा प्रशिक्षण लगायतका जिम्मेवारी पनि प्रशासन शाखालाई तोकिएको छ। |
| आर्थिक प्रशासन शाखा | बार्षिक बजेट तयार गर्ने, बजेट निकासा गर्ने, विनियोजित बजेट शिर्षकमा नियमानुसार खर्च गर्ने, तलब भत्ता र अन्य सुविधा उपलब्ध गराउन आवश्यक कागजात तयार गरी पेश गर्ने, प्रदेश आर्थिक मामिला मन्त्रालय र प्रदेश कोष तथा लेखा नियन्त्रण कार्यालयबाट प्राप्त निर्देशन बमोजिम खर्च गर्ने र लेखा परिक्षण गराउने लगायतका कार्य जिम्मेवारी आर्थिक प्रशासन शाखालाई तोकिएको छ। |
| कानूनी राय शाखा तथा मुख्य न्यायाधिवक्ताको सचिवालय | मुख्य न्यायाधिवक्ता समक्ष पेश हुने फाइल कागजातहरू बुझी निकासाका लागि पेश गर्ने र भएका आदेश कार्यान्वयनका लागि पठाउने, अतिथि भेटघाट र फोन सम्पर्क ब्यबस्थापन गर्ने लगायतका जिम्मेवारी सचिवालयलाई तोकिएको छ। |
| सूचना प्रविधि शाखा | यस शाखाले प्रदेश सराकार अन्तर्गतका मन्त्रालय/ निर्देशनालय /आयोग र कार्यालयहरूवाट प्राप्त लिखित जवाफ सम्बन्धी सफ्टकपी र पठाउनुपर्ने पत्रहरू तयार गरी सम्बन्धित अदालतमा पठाउने, कार्यालयले अन्य निकायमा पठाउने पत्रहरू तयार गर्ने, पेशीको सूचनाको जानकारी Online मा राख्ने, कार्यालयको website मा सूचना तथा प्रतिवेदनहरू upload गर्ने, Email / scan सम्बन्धी कार्यहरू गर्ने, बार्षिक प्रतिवेदन तयार गर्न सहयोग गर्ने र सूचनाहरूको विवरण अद्यावधिक गर्ने। |

## परिच्छेद-दुई
# कार्यालयबाट सम्पादित कार्यको विवरण

यस कार्यालयबाट आर्थिक बर्ष २०८१/०८२ मा रिट निवेदन/मुद्दामा बहस पैरवी प्रतिरक्षा संवैधानिक तथा कानूनी विषयमा दिइएको राय सल्लाह लगायत सम्पादन गरिएका कार्यहरूको लगत र फछ्र्यौट विवरणलाई क्रमशः प्रस्तुत गरिएको छ।

## २.१ रिट निवेदन/मुद्दाको प्रतिरक्षा सम्बन्धी विवरण

नेपालको संविधान एवं मुख्य न्यायाधिवक्ताको काम, कर्तब्य र अधिकार तथा सेवाको शर्तसम्बन्धी ऐन, २०७५ बमोजिम कर्णाली प्रदेश सरकार र यस अन्तर्गतका कार्यालयहरूलाई विपक्षी बनाई सर्वोच्च अदालत, प्रशासकीय अदालत काठमाडौ, उच्च अदालत सुर्खेत, उच्च अदालत पाटन,उच्च अदालत सुर्खेत जुम्ला इजलास, दैलेख जिल्ला अदालत, सुर्खेत जिल्ला अदालतमा दर्ता गरिएका उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा, परमादेश, निषेधाज्ञा अदालतको अवहेलना जस्ता रिट निवेदन र अन्य मुद्दाहरूमा प्रदेश सरकार र मातहतका निकायका तर्फबाट यस कार्यालयले प्रतिरक्षा गर्दै आईरहेको छ।

## २.२ आर्थिक वर्ष २०८२/८३ मा बहस पैरवी तथा प्रतिरक्षा भएका मुद्दाहरूको संक्षिप्त विवरण

| अदालत | सर्वोच्च अदालत | उच्च अदालत, सुर्खेत | उच्च अदालत, सुर्खेत, जुम्ला इजलास | सुर्खेत जिल्ला अदालत | उच्च अदालत पाटन | प्रशासकीय अदालत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| गत आ.व.बाट जिम्मेवारी सरेका | ६३ | ७ | ० | ३ | ० | ४ | ७७ |
| यस आ.व. मा दर्ता भएका जम्मा मुद्दा | २७ | १३ | १ | ४ | ८ | ६ | ५९ |
| **जम्मा** | ९० | २० | १ | ७ | ८ | १० | १३६ |

## २.३ आर्थिक बर्ष २०८२/८३ मा फछ्र्यौट भएका मुद्दाहरूको संक्षिप्त विवरण

| अदालत/फैसला किसिम | सर्वोच्च अदालत | उच्च अदालत, सुर्खेत | उच्च अदालत, सुर्खेत, जुम्ला इजलास | सुर्खेत जिल्ला अदालत | उच्च अदालत पाटन | प्रशासकीय अदालत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| खारेज/दावी नपुग्ने | २० | १३ | ० | ० | ६ | ४ | ४३ |
| जारी हुने | ४ | ३ | ० | २ | २ | ० | ११ |
| तामेली/मुलतवी | ६ | १ | ० | ० | ० | ० | ७ |
| फिर्ता/अन्य | २ | ० | ० | ० | ० | ० | २ |
| **जम्मा** | **३२** | **१७** | **०** | **२** | **८** | **४** | **६३** |

## २.४ आ.व.२०८३/०८४ मा जिम्मेवारी सरेका मुद्दाहरूको संक्षिप्त विवरण

| अदालत | सर्वोच्च अदालत | उच्च अदालत, सुर्खेत | उच्च अदालत, सुर्खेत, जुम्ला इजलास | सुर्खेत जिल्ला अदालत | उच्च अदालत पाटन | प्रशासकीय अदालत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| संख्या | ५८ | ३ | १ | ५ | ० | ६ | ७३ |

परिच्छेद-तीन

# बजेट, खर्च र भौतिक अवस्था सम्बन्धी

## ३.१ आ.व. २०८२/०८३ को विनियोजित बजेट र खर्च

| सि.नं. | ब.उ.शि.नं. | बजेट शिर्षक | विनियोजित वार्षिक बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | २१६०००११३ | प्रशासनिक/ कार्यक्रम खर्च | १७,२००,०००.०० | १५,०९२,६६२.५४ | ८७.७४ |
| २. | २१६०००११४ | पुँजीगत खर्च | ५००,०००.०० | ४९८,४४९.०० | ९९.६८ |
| कुल जम्मा | | | १७,७००,०००.०० | १५,५९१,१११.५४ | ८८.०८ |

## ३.२ खर्च भएर नजाने सम्पत्तिको विवरण :

### सम्पत्ति/जिन्सी मालसामानको वार्षिक विवरण

**आर्थिक वर्ष:** २०८२-०८३

**सम्पत्ति तथा जिन्सी मालसामानको प्रकार:** खर्च भएर नजाने (सम्पति)

**मुद्रा:** नेपाली रुपैयाँ

| क.स | सम्पत्ति तथा जिन्सी मालसामानको | | | गत आ.व.सम्मको मौज्दात | | चालु आ.व.मा आम्दानी | | चालु आ.व.मा खर्च | | मौज्दात बाँकी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्केत नं | नाम | एकाई | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य |
| १ | ६११२११६००००१ | मोटर साइकल | पिस/थान | २ | ५१७,९००.०० | ० | ०.०० | ० | ०.०० | २ | ५१७,९००.०० |
| २ | ६११२११६००००२ | स्कुटर | पिस/थान | १ | १९५,९००.०० | ० | ०.०० | ० | ०.०० | १ | १९५,९००.०० |
| ३ | ६११२११७००००२ | जिप | पिस/थान | १ | ५,५६९,९९९.०० | १ | ४,५५०,०००.०० | ० | ०.०० | २ | १०,११९,९९९.०० |
| ४ | ६११२११७००००४ | अन्य कार जिप | पिस/थान | १ | ४,६७८,९९९.९९ | ० | ०.०० | ० | ०.०० | १ | ४,६७८,९९९.९९ |
| ५ | ६११२११९००००१ | साइकल | पिस/थान | २ | १५,५००.०० | ० | ०.०० | ० | ०.०० | २ | १५,५००.०० |
| ६ | ६११२२११००००१ | डेस्कटप कम्प्युटर | पिस/थान | ९ | ६३७,११९.९९ | २ | १६७,२४०.०० | ० | ०.०० | ११ | ८०४,३५९.९९ |
| ७ | ६११२२११००००२ | मोनिटर | पिस/थान | १ | २८,२५०.०० | ० | ०.०० | ० | ०.०० | १ | २८,२५०.०० |
| ८ | ६११२२१२००००१ | ल्यापटप | पिस/थान | ८ | ८२६,०३७.०० | १ | ११६,३९०.०० | ० | ०.०० | ९ | ९४२,४२७.०० |
| ९ | ६११२२१५००००१ | फोटोकपी मेशिन | पिस/थान | ० | ०.०० | १ | ४५,२००.०० | ० | ०.०० | १ | ४५,२००.०० |
| १० | ६११२२१६००००१ | टेलिभिजन | पिस/थान | १ | १९,०००.०० | ० | ०.०० | ० | ०.०० | १ | १९,०००.०० |
| ११ | ६११२२१६००००५ | डिजिटल क्यामेरा(Digital Camera) | पिस/थान | १ | ५१,९८०.०० | ० | ०.०० | ० | ०.०० | १ | ५१,९८०.०० |
| १२ | ६११२२१६००००६ | क्यामरा लेन्स | पिस/थान | १ | २२,६००.०० | ० | ०.०० | ० | ०.०० | १ | २२,६००.०० |
| १३ | ६११२२१६००००९ | मोवाइल | पिस/थान | १ | ५४,९९९.९९ | १ | ३०,५१०.०० | ० | ०.०० | २ | ८५,५०९.९९ |

| क्र.स | सम्पत्ति तथा जिन्सी मालसामानको | | | गत आ.व.सम्मको मौज्दात | | चालु आ.व.मा आम्दानी | | चालु आ.व.मा खर्च | | मौज्दात बाँकी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्केत नं | नाम | एकाई | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य |
| १४ | ६११२२१६०००१२ | सिसिटिभी क्यामरा | पिस/थान | ७ | ७९,१००.०० | ० | ०.०० | ० | ०.०० | ७ | ७९,१००.०० |
| १५ | ६११२२१८००००१ | प्रिन्टर | पिस/थान | ११ | ३७८,९५४.५४ | १ | ४२,९४०.०० | ० | ०.०० | १२ | ४२१,८९४.५४ |
| १६ | ६११२२१८००००२ | Scanner | पिस/थान | २ | २५,४३०.०० | ० | ०.०० | ० | ०.०० | २ | २५,४३०.०० |
| १७ | ६११२२१९००००१ | प्रोजक्टर | पिस/थान | १ | ५६,५००.०० | ० | ०.०० | ० | ०.०० | १ | ५६,५००.०० |
| १८ | ६११२२१९००००९ | डिजिटल डिस्प्ले बोर्ड | पिस/थान | ० | ०.०० | १ | २२६,०००.०० | ० | ०.०० | १ | २२६,०००.०० |
| १९ | ६११२२१९००११४ | मोनिटर | संख्या | १ | ११,३००.०० | ० | ०.०० | ० | ०.०० | १ | ११,३००.०० |
| २० | ६११२२२१००००१ | हिटर | पिस/थान | ८ | २१,५००.०० | ० | ०.०० | ० | ०.०० | ८ | २१,५००.०० |
| २१ | ६११२२२१००००३ | टेबुल पंखा | पिस/थान | ५ | १५,०००.०० | ० | ०.०० | ० | ०.०० | ५ | १५,०००.०० |
| २२ | ६११२२२१००००५ | एयर कन्डीसनर | पिस/थान | २ | २८५,०००.०१ | ० | ०.०० | ० | ०.०० | २ | २८५,०००.०१ |
| २३ | ६११२२२१००००७ | फ्रिज | पिस/थान | २ | ६५,८००.७७ | ० | ०.०० | ० | ०.०० | २ | ६५,८००.७७ |
| २४ | ६११२२२१००००८ | भ्याकुम क्लिनर | पिस/थान | २ | ५२,५००.०० | ० | ०.०० | ० | ०.०० | २ | ५२,५००.०० |
| २५ | ६११२२२१००००९ | यु पि एस | पिस/थान | १ | ५१,२९९.७४ | ० | ०.०० | ० | ०.०० | १ | ५१,२९९.७४ |
| २६ | ६११२२२१०००१० | ब्याट्री(Battery BDC) | पिस/थान | ४ | १६४,२२२.९० | ० | ०.०० | ० | ०.०० | ४ | १६४,२२२.९० |
| २७ | ६११२२२१०००१३ | सोलार प्यानल | पिस/थान | ४ | १३५,२४९.९२ | ० | ०.०० | ० | ०.०० | ४ | १३५,२४९.९२ |
| २८ | ६११२२२१०००२१ | स्टेबिलाइजेर | पिस/थान | १ | १८,५००.३६ | ० | ०.०० | ० | ०.०० | १ | १८,५००.३६ |
| २९ | ६११२२२१०००२६ | कुलर | पिस/थान | ३ | ५९,११०.०० | ० | ०.०० | ० | ०.०० | ३ | ५९,११०.०० |
| ३० | ६११२२२१०००३७ | इन्भर्टर | पिस/थान | १ | ४७,४०३.५० | ० | ०.०० | ० | ०.०० | १ | ४७,४०३.५० |
| ३१ | ६११२२२१०००५५ | स्टेन्ड पंखा | पिस/थान | ४ | २२,७९७.९९ | ० | ०.०० | ० | ०.०० | ४ | २२,७९७.९९ |
| ३२ | ६११२२२१०००५७ | बिजुलीको मिटर/ Electric Meter | पिस/थान | १ | २८,९७८.८५ | ० | ०.०० | ० | ०.०० | १ | २८,९७८.८५ |
| ३३ | ६११२२२१००१८० | Electric Water Dispenser | पिस/थान | १ | १३,५६०.०० | ० | ०.०० | ० | ०.०० | १ | १३,५६०.०० |
| ३४ | ६११२२२१००२३४ | ब्याट्री | संख्या | २ | ४९,२००.२० | ० | ०.०० | ० | ०.०० | २ | ४९,२००.२० |
| ३५ | ६११२२२१००२६७ | crompton cooler | संख्या | २ | ५६,५००.०० | ० | ०.०० | ० | ०.०० | २ | ५६,५००.०० |

| क्र.स | सम्पत्ति तथा जिन्सी मालसामानको | | | गत आ.व.सम्मको मौज्दात | | चालु आ.व.मा आम्दानी | | चालु आ.व.मा खर्च | | मौज्दात बाँकी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्केत नं | नाम | एकाई | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य |
| ३६ | ६११२२३५००००१ | टेबुल | पिस/थान | १२ | २९४,९३०.०० | ० | ०.०० | ० | ०.०० | १२ | २९४,९३०.०० |
| ३७ | ६११२२३५००००२ | कुर्चि | पिस/थान | ३ | ४८,७००.०० | ० | ०.०० | ० | ०.०० | ३ | ४८,७००.०० |
| ३८ | ६११२२३५००००३ | दराज | पिस/थान | १ | २५,९९०.०० | ० | ०.०० | ० | ०.०० | १ | २५,९९०.०० |
| ३९ | ६११२२३५००००६ | सोफासेट | पिस/थान | ९ | ४१२,२५२.०० | १ | ३५,३१२.५० | ० | ०.०० | १० | ४४७,५६४.५० |
| ४० | ६११२२३५००००९ | स्टिल दराज | पिस/थान | ८ | १७३,७३७.५० | ० | ०.०० | ० | ०.०० | ८ | १७३,७३७.५० |
| ४१ | ६११२२३५०००११ | रिभल्वभिङ चेयर | पिस/थान | ९ | १९६,३१४.०० | ० | ०.०० | ० | ०.०० | ९ | १९६,३१४.०० |
| ४२ | ६११२२३५०००१३ | टि टेबल | पिस/थान | १९ | १२८,६८५.५० | ० | ०.०० | ० | ०.०० | १९ | १२८,६८५.५० |
| ४३ | ६११२२३५०००१४ | कम्प्युटर टेबल | पिस/थान | २ | २३,७३०.०० | ० | ०.०० | ० | ०.०० | २ | २३,७३०.०० |
| ४४ | ६११२२३५०००१८ | खाट पलङ लोबेड | पिस/थान | ८ | २५७,०८२.०० | ० | ०.०० | ० | ०.०० | ८ | २५७,०८२.०० |
| ४५ | ६११२२३५०००१९ | = याक | पिस/थान | ४ | १०,७३५.०० | ० | ०.०० | ० | ०.०० | ४ | १०,७३५.०० |
| ४६ | ६११२२३५०००२१ | इस्टुल | पिस/थान | २ | ३,०००.०० | ० | ०.०० | ० | ०.०० | २ | ३,०००.०० |
| ४७ | ६११२२३५०००२८ | स्टील दराज | पिस/थान | २ | ३१,६४०.०० | ० | ०.०० | ० | ०.०० | २ | ३१,६४०.०० |
| ४८ | ६११२२३५०००३८ | डाइनिङ टेबुल | पिस/थान | २ | १०७,४९५.०० | ० | ०.०० | ० | ०.०० | २ | १०७,४९५.०० |
| ४९ | ६११२२३५०००४१ | किचेन रयाक (Kitchen Rack ) | पिस/थान | १ | ८८,९९९.९३ | ० | ०.०० | ० | ०.०० | १ | ८८,९९९.९३ |
| ५० | ६११२२३५०००४२ | मिटिङ टेबुल | पिस/थान | १ | १९०,०००.०१ | ० | ०.०० | ० | ०.०० | १ | १९०,०००.०१ |
| ५१ | ६११२२३५०००५१ | नोटिस/सूचना बोर्ड (Notice Board) | पिस/थान | २ | ११,०५०.०० | ० | ०.०० | ० | ०.०० | २ | ११,०५०.०० |
| ५२ | ६११२२३५०००५२ | White Board (ह्वाइट बोर्ड) | पिस/थान | ४ | १३,२००.०० | ० | ०.०० | ० | ०.०० | ४ | १३,२००.०० |
| ५३ | ६११२२३५०००५५ | बुक केश (Book Case) | पिस/थान | ६ | २२९,३८२.९३ | ० | ०.०० | ० | ०.०० | ६ | २२९,३८२.९३ |
| ५४ | ६११२२३५०००५६ | भिजिटर चेयर (Visitor Chair) | पिस/थान | २४ | ५६,९५२.०० | ० | ०.०० | ० | ०.०० | २४ | ५६,९५२.०० |
| ५५ | ६११२२३५०००८१ | अफिस टेबल (Office Table) | पिस/थान | ० | ०.०० | १ | १५,९९९.६७ | ० | ०.०० | १ | १५,९९९.६७ |
| ५६ | ६११२२३५००१४९ | फोल्डिङ्ग कुर्सी | संख्या | १४ | ४४,२९६.०० | ० | ०.०० | ० | ०.०० | १४ | ४४,२९६.०० |
| ५७ | ६११२२३९००००७ | साइन बोर्ड | पिस/थान | २ | २४,३५०.०० | ० | ०.०० | ० | ०.०० | २ | २४,३५०.०० |

| क.स | सम्पत्ति तथा जिन्सी मालसामानको | | | गत आ.व.सम्मको मौज्दात | | चालु आ.व.मा आम्दानी | | चालु आ.व.मा खर्च | | मौज्दात बाँकी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्केत नं | नाम | एकाई | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य |
| ५८ | ६११२२३९०००२७ | वाटर डिस्पेंसर | पिस/थान | १ | ७,९००.०० | ० | ०.०० | ० | ०.०० | १ | ७,९००.०० |
| ५९ | ६११२२३९०००३५ | ग्यास सिलिण्डर | पिस/थान | ४ | १६,०००.०० | ० | ०.०० | ० | ०.०० | ४ | १६,०००.०० |
| ६० | ६११२२३९०००४२ | ग्यास चुल्हो | पिस/थान | २ | ६,०००.०० | ० | ०.०० | ० | ०.०० | २ | ६,०००.०० |
| ६१ | ६११३२५३०००१९ | पुस्तक | पिस/थान | ० | ०.०० | ६४ | ९९,५१७.०० | ० | ०.०० | ६४ | ९९,५१७.०० |
| जम्मा | | | | २३६ | १६,६५८,६१६.६३ | ७४ | ५,३२९,१०९.१७ | ० | ०.०० | ३१० | २१,९८७,७२५.८० |

तयार गर्ने : ..........
नामः
पदः
मितिः

सिफारिस गर्नेः..........
नामः
पदः
मितिः

प्रमाणित गर्ने : ..........
नामः
पदः
मितिः

# परिच्छेद-चार

## ४.१ सलबसाली रूपमा सम्पादित कार्यहरू संक्षिप्त रूपमा

| आ.व. | प्रमुख कार्य | स्थान |
|---|---|---|
| २०७५/०७६ | स्थानीय तहका न्यायिक समितिको पदाधिकारी र कर्मचारीहरूको क्षमता अभिवृद्धि एवं अन्तर्क्रिया कार्यक्रम | सुर्खेत, दैलेख, जाजरकोट, सल्यान, रुकुम पश्चिम, डोल्पा |
| | स्थानीय तहका पदाधिकारीहरूका लागि कानूनी सचेतना कार्यक्रम | मुगु, लेकवेशी सुर्खेत |
| २०७६/०७७ | हिरासत अनुगमन | सल्यान, रुकुम पश्चिम, छिन्चु र वीरेन्द्रनगर सुर्खेत |
| २०७७/०७८ | कानून कार्यान्वयन, चुनौति समस्या समाधान विषयक कार्यक्रम | सुर्खेत |
| | लिखित जवाफ सम्बन्धी अन्तर्क्रियात्मक कार्यक्रम | सुर्खेत |
| | कानूनी सचेतना कार्यक्रम | जाजरकोट |
| २०७८/०७९ | सरकारी वकील र अनुसन्धान अधिकृतबीच कानून कार्यान्वयन, चुनौति समस्या समाधान विषयक अन्तर्क्रियात्मक गोष्ठी | सुर्खेत |

| आ.व. | प्रमुख कार्य | स्थान |
|---|---|---|
| | हिरासत र कारागार निरीक्षण | सुर्खेत, दैलेख, सल्यान, रुकुम पश्चिम र जाजरकोट |
| | अन्तरप्रदेश अनुभव आदान प्रदान कार्यक्रम | सुदुर पश्चिम, लुम्बिनी, गण्डकी, बागमती, मधेश र कोशी प्रदेश |
| २०७९/०८० | लिखित जवाफ सम्बन्धी प्रशिक्षण कार्यक्रम | सुर्खेत |
| | समुदायमा मुख्य न्यायाधिवक्ता कार्यक्रम | हुम्ला र जुम्ला |
| | हिरासत र कारागार निरीक्षण | सल्यान, रुकुम पश्चिम, जाजरकोट, दैलेख, मुगु, जुम्ला, कालीकोट, हुम्ला, सुर्खेत र सुधार गृह बाँके |
| | अन्तरप्रदेश अनुभव आदान प्रदान | बागमती, मधेश र कोशी प्रदेश |
| २०८०/०८१ | लिखित जवाफ तथा कानून सम्बन्धी कार्यक्रम | सुर्खेत |
| | सरोकारवालासँग मुख्य न्यायाधिवक्ता कार्यक्रम | डोल्पा |
| | हिरासत र कारागार निरीक्षण | सुर्खेत, दैलेख, कालीकोट, मुगु, जुम्ला, सल्यान, जाजरकोट, डोल्पा |
| २०८१/०८२ | हिरासत र कारागार निरीक्षण | कर्णाली प्रदेशका १० वटै जिल्ला |
| | सचिवस्तरीय समन्वयात्मक बैठक | सुर्खेत |

| आ.व. | प्रमुख कार्य | स्थान |
|---|---|---|
| | मुख्य न्यायाधिवक्तासँग अनुभव आदान प्रदान | सुदुर पश्चिम, कोशी, मधेश, लुम्बिनी, गण्डकी र बागमती |
| | कानून निर्माण सम्बन्धी स्थानीय तहसँग अन्तर्क्रियात्मक कार्यक्रम | रुकुम पश्चिम, पञ्चपुरी नगरपालिका, सुर्खेत, दुल्लु नगरपालिका, दैलेख, गुर्भाकोट नगरपालिका सुर्खेत |
| | प्रदेश सरकारका कानून अधिकृतहरूसँग लिखित जवाफ सम्बन्धी कार्यक्रम | सुर्खेत |
| | लिखित जवाफ तथा कानूनी राय सम्बन्धी समन्वयात्मक बैठक | सल्यान, दैलेख र जाजरकोट |
| २०८२/०८३ | हिरासत र कारागार निरीक्षण | कर्णाली प्रदेशका १० वटै जिल्लामा |
| | लिखित जवाफ सम्बन्धी समन्वयात्मक बैठक तथा अन्तर्क्रिया कार्यक्रम | |
| | हिरासतका शंकित व्यक्तिका लागि अधिकार सम्वन्धी फ्लासचार्ट समेत हस्तान्तरण | – इ.प्र.का छिन्चु, बाबियाचौर, थारमारे सल्यान<br>– जि.प्र.का सुर्खेत र सल्यान<br>– कारागार सल्यान र सुर्खेत<br>– कारागार र हिरासत (कालीकोट, जुम्ला, मुगु, हुम्ला, डोल्पा र रुकुम पश्चिम) |

## ४.२ हिरासत निरीक्षण/अनुगमनको विवरण

| क्र.सं. | हिरासत रहेको स्थान | अनुगमन/ निरीक्षण मिति | हिरासतको क्षमता | | | हालको अवस्था | | | हिरासतको भौतिक अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | बालबालिका | महिला | पुरुष | बालबालिका | | |
| १ | जिल्ला प्रहरी कार्यालय, सुर्खेत | २०८२।१०।०८ | १० | ३० | ७ | ७ | ७१ | ९ | राम्रो रहेको | हिरासत कक्ष बढाउनुपर्ने |
| २ | डिभिजन वन हिरासत, लाटीकोइली | २०८२।१०।०८ | २ | ५ | ० | ० | ० | ० | हिरासत जीर्ण रहेको | नयाँ हिरासत निर्माणतर्फ ध्यान दिनुपर्ने |
| ३ | ईलाका प्रहरी कार्यालय, छिन्चु | २०८२।१०।०७ | १० | १० | १० | ० | ६ | २ | राम्रो रहेको | दोस्रो पटक देखि अनलाइन म्याद थपका लागि पहल गर्नुपर्ने |

| क्र. सं. | हिरासत रहेको स्थान | अनुगमन/ निरीक्षण मिति | हिरासतको क्षमता | | | हालको अवस्था | | | हिरासतको भौतिक अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | बालबालिका | महिला | पुरुष | बालबालिका | | |
| ४ | जिल्ला प्रहरी कार्यालय, दैलेख | २०८२।०८।१६ | ५ | १५ | ० | ० | ९ | ० | राम्रो रहेको | - |
| ५ | जिल्ला प्रहरी कार्यालय, हुम्ला | २०८३।०२।२२ | ५ | १० | ० | ४ | १३ | ० | ठिकै रहेको | कारागार निर्माण गर्नुपर्ने |
| ६ | जिल्ला प्रहरी कार्यालय सल्यान | २०८२।१०।२८ | ५ | १० | ० | ३ | ० | ० | ठिकै | भेटघाटका लागि छुट्टै कक्षको व्यवस्था गर्नुपर्ने |
| ७ | इलाका प्रहरी कार्यालय, थारमारे सल्यान | २०८२।११।०१ | ५ | १० | ० | ० | ४ | ० | ठिकै | दोस्रो पटक म्याद थप गर्दा अनलाइन मार्फत गर्न पहल गर्ने |

| क्र. सं. | हिरासत रहेको स्थान | अनुगमन/ निरीक्षण मिति | हिरासतको क्षमता | | | हालको अवस्था | | | हिरासतको भौतिक अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | बालबालिका | महिला | पुरुष | बालबालिका | | |
| ८ | इलाका प्रहरी कार्यालय, लुहाम सल्यान | २०८२।१०।२९ | ५ | १० | ० | ० | ० | ० | राम्रो | भेटघाटका लागि छुट्टै कक्षको व्यवस्था गर्नुपर्ने |
| ९ | जिल्ला प्रहरी कार्यालय, मुसिकोट रुकुम पश्चिम | २०८३।०१।२२ | ५ | ५ | २ | ० | १० | १ | राम्रो | भेटघाटका लागि छुट्टै कक्षको व्यवस्था गर्नुपर्ने |
| १० | जिल्ला प्रहरी कार्यालय, कालीकोट | २०८३।०१।२९ | ८ | ८ | ८ | ० | ८ | ० | ठिकै रहेको | भेटघाटका लागि छुट्टै कक्ष आवश्यक |
| ११ | जिल्ला प्रहरी कार्यालय, मुगु | २०८३।०१।०९ | ५ | ५ | ० | १ | ४ | ० | ठिकै रहेको | – |

| क्र. सं. | हिरासत रहेको स्थान | अनुगमन/ निरीक्षण मिति | हिरासतको क्षमता | | | हालको अवस्था | | | हिरासतको भौतिक अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | बालबालिका | महिला | पुरुष | बालबालिका | | |
| १२ | जिल्ला प्रहरी कार्यालय, जुम्ला | २०८३।०२।०७ | ५ | ११ | ० | ० | २ | ० | सन्तोषजनक | भेटघाटका लागि छुट्टै कक्ष आवश्यक |
| १३ | जिल्ला प्रहरी कार्यालय, डोल्पा | २०८३।०३।०४ | ५ | १० | ४ | ० | २ | ३ | राम्रो रहेको | - |
| १४ | जिल्ला प्रहरी कार्यालय जाजरकोट | २०८३।०८।०८ | ७ | १० | ० | ० | ७ | ० | ठिकै रहेको | - |

## ४.३ कारागार निरीक्षण/अनुगमनको विवरण

| क्र. सं. | कारागार रहेको स्थान | अनुगमन/ निरीक्षण मिति | थुनुवा/कैदी कक्षको क्षमता | | | हालको अवस्था | | | थुनुवा/कैदी कक्षको भौतिक अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | बालबालिका | महिला | पुरुष | बालबालिका | | |
| १. | कारागार कार्यालय, सुर्खेत | २०८२।१०।०८ | ५० | १०० | ७ | ४९ | ३९० | ० | ठिकै रहेको | वन्दी कक्षको क्षमता बढाउनुपर्ने |
| २. | कारागार कार्यालय, दैलेख | २०८२।०८।१६ | २० | ८० | ० | १६ | १४९ | ० | राम्रो रहेको | वन्दी कक्षको क्षमता बढाउनुपर्ने |
| ३. | कारागार कार्यालय, सल्यान | २०८२।१०।२९ | ५ | २० | ० | १४ | ११६ | ३ | ठिकै रहेको | वन्दी कक्षको क्षमता बढाउनुपर्ने |
| ४. | कारागार कार्यालय, रुकुम पश्चिम | २०८३।०१।२२ | ५ | २० | ० | ६ | १२२ | ० | जीर्ण | नयाँ र पर्याप्त भवन बनाउनुपर्ने |

| क्र. सं. | कारागार रहेको स्थान | अनुगमन/ निरीक्षण मिति | थुनुवा/कैदी कक्षको क्षमता | | | हालको अवस्था | | | थुनुवा/कैदी कक्षको भौतिक अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | बालबालिका | महिला | पुरुष | बालबालिका | | |
| ५. | कारागार कार्यालय, कालीकोट | २०८३।०१।२९ | १० | १५ | ० | ४ | ४६ | ० | पुरानो जीर्ण | नयाँ भवन बनाउनुपर्ने |
| ६. | कारागार कार्यालय, जुम्ला | २०८३।०२।०७ | ८० | १२० | ० | ५ | ६६ | १ | ठिकै रहेको | स्वच्छ पानीको व्यवस्था गर्नुपर्ने |
| ७. | कारागार कार्यालय, डोल्पा | २०८३।०३।०४ | ५० | १०० | ० | ० | १८ | ० | राम्रो रहेको | – |
| ८. | कारागार कार्यालय, जाजरकोट | २०८२।०८।०८ | १५ | २० | ० | ० | २९ | ० | ठिकै | – |

## ४.४ कार्यालय प्रमुखहरूसँगको समन्वयात्मक बैठक

| जिल्ला | कार्यक्रम मिति | सहभागी संख्या |
|---|---|---|
| रुकुम पश्चिम | २०८३।०१।२२ | २६ जना |
| हुम्ला | २०८३।०२।२२ | २१ जना |
| डोल्पा | २०८३।०३।०४ | २० जना |
| जुम्ला | २०८३।०२।०७ | ३३ जना |
| मुगु | २०८३।०१।०९ | २४ जना |
| कालीकोट | २०८३।०१।२९ | २८ जना |
| सल्यान | २०८२।१०।२८ | ३१ जना |
| दैलेख | २०८२।०८।१७ | ४४ जना |
| जाजरकोट | २०८२।०८।०९ | ४५ जना |
| सुर्खेत | २०८३।०३।१४ | ३४ जना |

## ४.५ हालसम्म प्रदान गरिएको कानूनी रायको विवरण

| क्र. सं. | मिति | कानूनी राय प्रदान गरिएको निकाय | राय माग/ प्रदान गरिएको विषय |
|---|---|---|---|
| १. | २०८१।१०।२२ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश, सुर्खेत | उच्च अदालत सुर्खेतबाट मुद्दा नं.०८०-WO-००९० को फैसला कार्यान्वयनमा दुविधा भएको। |

| क्र. सं. | मिति | कानूनी राय प्रदान गरिएको निकाय | राय माग/ प्रदान गरिएको विषय |
|---|---|---|---|
| २. | २०८२।०१।११ | सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत | संघबाट प्रदेशमा समायोजन भएका कर्मचारीलाई कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ५५ बमोजिम अनिवार्य अवकाश हुने कर्मचारीलाई सोही ऐनको दफा ४१(१) बमोजिम बढुवा गर्न मिल्ने नमिल्ने सम्बन्धमा |
| ३. | २०८१।१२।३१ | सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत | सातौं तहका कर्मचारीलाई सातौंबाट आठौंमा स्तरवृद्धि गर्न मिल्ने वा नमिल्ने सम्बन्धमा। |
| ४. | २०८१।०४।१६ | प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश, सुर्खेत | कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० तथा नियमावली, २०८० मा स्वास्थ्य सेवाका पदहरूमा बढुवाद्वारा पदपूर्ति गर्ने संरचना र तौर तरिका स्वास्थ्य सेवा ऐन, 2053 मा भन्दा फरक भै पदपूर्तिमा असहजता भएको सम्बन्धमा। |
| ५. | २०८१।१०।१३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश, सुर्खेत | संघमा दरबन्दी भई कर्मचारी समायोजन ऐन २०७५को दफा ९(९) बमोजिम कर्णाली प्रदेशमा कामकाजमा खटी आएका अधिकृत कर्मचारी हरूले प्रदेश निजामती सेवा ऐन बमोजिम बढुवाको लागि सम्भाव्य उम्मेदवार सक्ने नसक्ने सम्बन्धमा। |
| ६. | २०८२।०२।०५ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश, सुर्खेत | एकै मितिमा लागू हुनेगरी छैठौं तहबाट सातौं तहमा स्तरवृद्धि भएकाहरूमध्ये को ज्येष्ठ हुने भन्ने सम्बन्धमा। |

| क्र.सं. | मिति | कानूनी राय प्रदान गरिएको निकाय | राय माग/ प्रदान गरिएको विषय |
|---|---|---|---|
| ७. | २०८२।०८।२८ | सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश | प्रदेश र संघीय कानून बमोजिम उमेरको हद साठी वर्ष नै कायम गर्न सकिने वा नसकिने सम्बन्धमा। |
| ८. | २०८२।०६।०९ | सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश | वरिष्ठ कविराज निरीक्षक पदमा स्तरवृद्धि गर्न मिल्ने वा नमिल्ने सम्बन्धमा। |
| ९. | २०८३।०२।१९ | डिभिजन वन कार्यालय मुगु | फौजदारी अभियोग लागेका व्यक्तिलाई हाजिर गराई तलब भत्ता दिन मिल्ने नमिल्ने सम्बन्धमा। |
| १०. | २०८३।०२।०१ | प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश | साविकमा छुट्याईएका पदहरूमा बढुवाद्वारा पदपूर्ति गर्न कानूनी द्विविधा भएको सम्बन्धमा। |
| ११. | २०८२।१२।२३ | कर्णाली प्रदेश सभा | सचिवको पदावधि पाँच वर्ष पूरा नभएको तर ६५ वर्ष उमेर पूरा भएको अवस्थामा प्रदेश सभा सचिवमा कार्य गराउन मिल्ने नमिल्ने सम्बन्धमा सम्बन्धमा। |
| १२. | २०८३।०३।२३ | उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय जाजरकोट | पेट्रोल पम्पको ठेगाना सम्बन्धमा सम्बन्धमा। |

## ४.६ आ.व. अनुसार प्रतिरक्षा गरिएका रिट/मुद्दाहरूको विवरण

